# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं चैत्र ९ गते २०१० साल

भाग २

## अर्थमन्त्रालय (आय–विभाग) को सूचना

संख्या१० गृ. म. वि. ५०।५५६३ २६-११-०१०

### हवाई जहाजका पार्टपूर्जाहरूको महसूल

उक्त विषयमा देहायबमोजिम गर्ने ०१०।११।२७।४ मा निर्णय भएको हुनाले सूचित गरेको छ। सोबमोजिम गर्नु गराउनुहोला ।

(क) बिराना मुलुकको हवाई जहाजमा रही आई हाम्रो मुलुकमा नउतारी सोही हवाई जहाजमा रही विदेश फर्कने हवाई जहाज सम्बन्धित माल सामानमा महसूल नलिने ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विराना मुलुकको हवाई जहाजको संरक्षण र मरमतको निंति झिकाई आएको जगेडा सामान पार्ट पुर्जा र झिकिएका पुराना पार्ट पुर्जाहरू अरू काममा लगाउन र बेच्न नपाउने गरी भन्सारको रेखदेखमा बन्डेड्-वेर हाउस्मा राख्नुपर्छ। यसरी पैठारी गरिएको माल सामानहरू र पुरानो पार्ट पुर्जाहरू फिर्ता नगरी अरू काममा लगाए वा बेचे सयकडा ३ का दरले महसूल लिनू।

(ग) उपरोक्त (क) र (ख) दफाबमोजिमको बाहेक अरू माल सामान हवाई कम्पनीले झिकाई ल्याएमा दरबन्दी सवालबमोजिम महसूल लाग्छ।

आज्ञाले—

हिमालयशमशेर

सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।